“घाम पनि डुब्ने नै हो । जुन पनि डुब्ने नै हो । धर्ती पनि नासिने नै हो ।
हे पितापुर्खाहरु हो । हे कूबीमी । हे मूबीमी ।के कगरै अब । के गरौ तब ।।”

# हङकङमा
# किरात राईहरुको मृत्यु संस्कार

– लेखक : शशि मदन राई

## हङकङमा किरात राईको मृत्यु भएमा

किरात राईहरुको मृत्यु संस्कार थर, पाछा, खोला, थुम आदि अनुसार फरक फरक पाईन्छ । यधपी हङकङमा किरात राईहरुको मृत्यु संस्कारलाई एकरुपता ल्याउन सबै भाषी राईहरुको मुन्धुम अध्यन गरि एकरुपता ल्याउन किरात राई प्रज्ञा प्रतिष्ठान हङकङले प्रयास गरि रहेकोछ । मौलिक किरात धर्म अनुसार किरात राईहरुको मृत्यु भएमा निम्न कार्यहरु गर्नुपर्दछ ।

१. किरात राईहरुको घरमा कसैको मृत्यु भएमा तुरुन्तै पाँच छाके दाजुभाई, नरनाताहरु र देशबिदेशमा रहेबसेका नरनाताहरुलाई सवैलाई खबर गर्नु पर्दछ ।
२. हङकङको सन्दर्भमा पार्थीव शरिरलाई तुरुन्त चिहानमा लान नपाउने भएकोले मृत्यु भएकै दिनदेखी छाकबार्नु पर्दछ। अन्य दाजुभाईहरुले सुनेकै दिनदेखी छाकबार्नु पर्दछ ।
३. नेपालको सन्दर्भमा मृत्यु भएकै दिन चिहानमा लाने भएकोले त्यसदिन देखि छाक बारने चलन छ । तर चिहानमा लगे पछि छाक बारेको हैन । मृत्यु भएपछि आफन्तजनहरु भावबिहलभै शोकमा परेर खाना नखाएकोले यो प्रचल आएको हो ।
४. हङकङमा मृतकको पार्थीव शरिरलाई घरमा राख्न नपाउने भएकोले कुनै एक कोठा सफागरि मृतकको फोटो राखी, फुलमाला वा पुष्प गुच्चा राखि थान थपना गर्न पर्दछ । र फोटोको निधारमा १ सिक्का पैसा टाँसीदिन पर्दछ ।
५. शोकाकुल परिवारले नुनतेल नफुकाईन्जेल सम्म भरसक सेतो सफा लुगा लगाई बस्न पर्दछ । घर सफा राख्न पर्दछ । मनोरन्जनको साधनहरु बन्द गर्नु पर्दछ ।
६. मृतकको फोटोको छेउमा एक माना चामल, एक बोदल रक्सी, एउटा कलशमा फुलपाती, धुपबत्ति बालीदिन पर्दछ । अन्य नरनाता आएको बखत धुप बाल्न लगाउनु पर्दछ ।
७. मृतकको फोटोको अगाडी एउटा थाल वा कचौरा राख्नु पर्दछ र घरमा जे खाईन्छ, पकाईन्छ, खानु अगावै मृतकलाई अलिकती सारीदिनु पर्दछ । पछि त्यस खानालाई चुलामा डढाईन्छ वा मृतक संगै चिहानमा राखिदिन पर्दछ ।

## श्रद्धान्जलीको दिन चाहिने आवश्यक सामाग्रीहरु

१. ३ वटा चुङगे, १ वटा धनुकाँड, १ किलो माटो, दुबो र तितेपाति
२. ३ मिटर सेतो कपडा, ३ बोदल पानी, १ सिक्का पैसा,
३. १ बोदल रक्सि वा (कोदो र मर्चा मिसाएको पानी)
४. एक कलश, एक माना चामल,
५. दियोबत्ति, तेल, आवश्यक धुप
६. एक पोका कोईला, कोईला बाल्ने बोटुको
७. ३ वटा कोईला बाल्ने स्टार्टर र लाईटर

<u>पहिलो कार्यक्रम:</u>

## मृतकको घरमा गरिने कार्यक्रम

मृतकलाई श्रद्धान्जली गर्न जान अगावै मृतकको घरमा पानछाके दाजुभाई तथा आफन्त जनहरु भेला भई निम्न कार्य गर्न पर्दछ ।

**१. मृतकको घरमा शिर उठाउने**

कार्यक्रम संचालकले भन्ने,

मौलिक किरात धर्म अनुसार किरात राईहरुको मृत्यु भएमा अन्तेष्ठि गर्न अगावै मृतकको शिर उठाउनु पर्दछ । मृतकको शिर उठाउनु भनेको जिवनमा भुलबस मृतक र जिवित रहने बिच दुवै तर्फ कुनै कमि कम्जोरी तथा गल्तिहरु भए एक अर्कामा माफि माग्नु र दिनु हो । यो कार्य कूबीमीले मुन्धुम द्‌वारा बाचन गरि गर्दछ ।

*(कूबीमीलाई मुन्धुम बाचन गर्न लगाउने)*

**२. शिर उठाउने मुद्दुम – कूबीमी**

कूबीमीले निम्न <u>अनुसुचि - २</u> मा उल्लेख भए अनुसारको मुन्धुम बाचन गर्नेछ। अनुसुचि - मा भएको शिर उठाउने मुन्धुम साम्पाङ भाषामा लेखिएको छ । अन्य भाषामा लेखन जारी रहेको छ । जानिफकार वा कूबीमीले आफ्नै भाषामा बाचन गर्न सक्नेछ ।

**३. मृतकको थान बिर्सजन**

मृतकको शिर उठाई सकेपछि मृतकको थान थपनालाई त्यहाँबाट सबै कुराहरु उठाई श्रद्धान्जली स्थल तिर बिर्सजनको लागि लान पर्दछ । नेपालमा भने पार्थीव शरिर संगै भएकोले पार्थीव शरिरलाई लाने गर्दछ । हङकङमा भने थानलाई बोकेर श्रद्धान्जली स्थल तर्फ लान पर्दछ ।

**४. मृतको आत्मालाई निषेध – कार्यक्रम संचालक**

मौलिक किरात धर्म अनुसार मृतकको आत्मा जतिवेला पायो तेतिबेला घरभित्र पस्न नसकोस भनि निषेध गर्ने चलन छ । यसको लागि मलामीहरु घरबाट निक्लिसके पश्चात २ जना महिलाले उल्टोबाट घर लिप्नु वा बढार्नु पर्दछ । साधारणतया घर लिप्दा वा बढार्दा बाहिरबाट भित्र ल्याउने चलन छ भने यतिबेला घरभित्रबाट बाहीर लिप्दै वा बढार्दै निस्कनु पर्दछ । यसको अर्थ मृतकको आत्मा जतिवेला पायो तेतिबेला घरभित्र पस्न निषेध गरिएको भनि विस्वास गरिन्छ ।

(२ जना महिलाई सबैजना निस्केपछि उल्टोबाट घर बढार्न लगाउने)

**श्रद्धान्जली स्थलमा पार्थिव शरिर सजाउने तरिका**

१ . फोटो सजाएको ठाँउतिर मृतकको टाउको पारेर राख्नु पर्दछ ।

२ . मृतकको टाउको नजिकमा, एउटा कलशमा दुबो र तितेपाती, धुप, एक माना चामल, एक बोदल रक्सी, र दियोबत्ति बालीदिन पर्दछ ।

३ . लुगाफाटा राख्ने भए खुट्टा तिर पारेर राखिदिन पर्दछ ।

४. मृतकको शरिरमा बन्धनहरुभए )कपाल बाटेको, तुना बानेको (भए फुकाली दिनु पर्दछ र निधारमा एक सिक्का पैसा राखी पार्थिव शरिरलाई सेतो कपडाले ढाकिदिन पर्दछ ।

५ . मृतकको खुट्टामा अलिकति सेतो कपडा च्याति माटो दिनको लागी राखि दिनु पर्दछ ।

६ . मृतकको शव बाकस चोखोपार्न बाकसको खुट्टा पट्टि बटुकोमा कोईला बालीदिनु पर्दछ ।

७. श्रद्धान्जली पश्चात मृतकलाई दिईएको माटो, चामल र रक्सि कुनै सफा बगैचामा राखिदिन पर्दछ ।

**मृत्यु पश्चात गरिने बिधिहरु :**

मृत्यु पश्चात गरिने बिधिहरु विविध छन । सबै बिधिहरु हङकङमै गर्न पर्दछ भन्ने छैन । चुलामा गर्ने बिधिहरु नेपालमै लगेर गर्ने चलन छ । तर किरात राईहरुको हङकङमै सामुहिक चुला स्थापना भैसकेकोले अब सामुहिक चुला मान्नेहरुले हङकङको चुलाघरबाट मृत्यु पश्चात गरिने बिधिहरु गर्न सक्तछ । यस कार्यको थालनी २४ मे २०१५ मा तत्कालीन किराया हङकङका अध्यक्ष श्री शशि मदन राईको ममतामयी आमा स्व. जसमाया राईको आत्मालाई यहि सामुहिक चुलाबाट बाटो लगाउने कार्य गरिएको थियो ।

१. मृतकको घरमा शिर उठाउने बिधि,

२. श्रद्धान्जली स्थलमा आत्मा जगाउने बिधि,

३. बिदाई स्थलमा आत्मा छुट्याउने बिधि,

४. मलामी चोखाउने विधि

५. चुलामा गरिने बिधिहरु :

क. आत्मा बाटो लगाउने बिधि

ख. शोक धारण फुकाउने बिधि

ग. नुनतेल फुकाउने बिधि

ङ. ढोगभेट फुकाउने बिधि

च. कजेरि फुकाउने बिधि

<u>दोस्रो कार्यक्रम:</u>

**श्रद्धान्जली कार्यक्रमको रुपरेखा**

१. **मृतकको जिवनी – कार्यक्रम संचालक**
<u>अनुसुचि - २</u> मा दिए अनुसारको कार्यक्रम संचालकले मृतकको जिवनी बाचन गर्ने ।

२. **धार्मिक बचन – जानिफकार**
<u>अनुसुचि - ३</u> मा दिए अनुसारको जानिफकारलाई धार्मीक बाचन गर्न लगाउने ।

३. **मौन धारण – कार्यक्रम संचालक**
निम्न वेभसाईड http://kiratrai.org/wp-content/uploads/2015/11/With-Heartfelt-Condolences.mp3 मा भएको श्रद्धान्जली धुन डाउनलोड गरि धुन बजिन्जेल सम्म मौन धारण गर्न लगाउने ।

४. **श्रद्धान्जली शब्दशुमन –**
आफन्तजन तथा संघसंस्थाहरुलाई श्रद्धान्जली शब्दसुमन राख्न दिने ।

५. **मृतकको आत्मा जगाउने – कार्यक्रम संचालक**
मौकिल किरात धर्म अनुसार मानिसको आत्मा पार्थिव शरिर संगै सुतेर बसेको हुन सक्तछ भन्ने विस्वास गरिन्छ । यसैले मृतकको पार्थीव शरिरलाई अन्तेष्ठि गर्न अगावै मृतकको आत्मा जगाउने बिधि गरिन्छ । मृतकको पार्थीव शरिरमा आत्मा जगाउने बिधि कुबिमिले गर्दछ ।
(कूबीमीलाई <u>अनुसुची - ४</u> मा भएको मुन्धुम बाचन गर्न लगाउने)

६. **मृतकको आत्मा जगाउने मुद्दुम – कूबीमी**
<u>अनुसुची - ४</u> मा भएको मुन्धुम बाचन गर्न लगाउने ।

७. **माटो तथा पुष्प गुच्चा अर्पण –**
पहिला परिवारको सदस्यहरुले २ हातले २ चिम्टि माटो ३ पटक दिन पर्दछ। त्यसपछि छोरीछेलीहरुले, माईतीहरुले, छ्यामा देमाहरुले, अनि मृतकको भाषिक दाजुभाईहरुले र अन्त्यमा उपस्थित महानुभावहरुले १ चिम्टी माटो दिदै धुपबत्ति बाली दिन पर्दछ ।

८. **धन्यबाद ज्ञापन**
माटो तथा पुष्पगुच्चा अपर्ण गरीरहेकोबेला उपस्थित सम्पुर्ण संघसंस्था तथा मलामीहरुलाई कार्यक्रम संचालकले धन्यबाद दिनु पर्दछ । र अन्त्यमा संचालकले पनि माटो तथा पुष्प गुच्चा अर्पण गर्नु पर्दछ ।

## तेस्रो कार्यक्रम :

## **अन्तिम बिदाईस्थलमा आत्मा छुट्याउने विधी**

**१. मृतकको आत्मा छुट्याउने – कार्यक्रम संचालक**

मौकिल किरात धर्म–संस्कार अनुसार मृतकको आत्मा पार्थिव शरिर संगै बसेको हुन्छ भन्ने बिश्वास गरिन्छ । मुत्यु पश्चात पार्थिव शरिर धर्तीमा समाहित हुनेछ भने मृतकको आत्माले पार्थिव शरिरलाई छाडेर उच्च उच्च रमणिय पवित्र स्थलमा जानेछ । सुम्निमा र पारुहाङको पासमा जानेछ । यसको लागि मृतकको पार्थीव शरिरबाट आत्मा छुट्याउने बिधि गरिन्छ ।

**२. मृतकको आत्मा छुट्याउने मुद्दुम – कूबीमी**

अनुसुची – ५ मा भएको मुन्धुम बाचन गर्न लगाउने ।

**३. अन्तिम धुपबत्ति – कार्यक्रम संचालक**

आफन्त तथा सम्पुर्ण मलामीजनलाई अन्तिम धुपबत्ति बाली मृतकलाई बिदाई गर्न लगाउनु पर्दछ ।

**४. स्विच अन – कार्यक्रम संचालक**

मृतकको छोराले स्विच अन गरि अन्ति बिदाई गर्दछ ।

## चौथो कार्यक्रम :

## **मलामी चोख्याउने**

मृतकलाई अन्तेष्टिगरि फर्केपछि मलामीहरुलाई कुनै पार्कमाल्याई चोख्याउने चलन छ । मलामी चोख्याउदा मलामीहरुलाई खानपान गराउनु पर्दछ । नेपालको सन्दर्भमा मलामी चोख्याउदा घरमै ल्याएर चोखाउने चलन छ । तर हङकङमा घरमा स्थानको अभावले सर्वजानिक पार्क प्रयोग गरिएको हो । सर्वजानी पार्कमा खानपान गराउन समेत हङकङमा गैरकानुनी भएकोले कुनै रेष्टुरेन्टमा लगि खानपान गराउन सुझाव रहेको छ ।

**मलामी चोख्याउने विधी**

१. मलामी चोख्याउने ठाँउमा एउटा बटुकोमा कोईला बाली दिनु पर्दछ ।
२. मलामीहरुहरुलाई कोईला खुट्टाले छुँदै मलामी चोख्याउने ठाँउतिर जानलाउनु पर्दछ ।
३. यतिबेला कलशको दुबो र तितेपातीले छर्काई मलामीहरुलाई चोखाउनु पर्दछ ।

पाँचौ कार्यक्रम

## चुलामा गरिने बिधिहरु

### चुलामा थान सजाउने तरिका

१. चुलाको वरीपरि लिप्नु पर्दछ र चुलाको तलतिर नाङलो माथि तीनपत्र पारेर केराको पात ओछ्याई त्यसमाथि १ माना चामल, अदुवा र टुप्पो सहितको केराको पात राखिदिनु पर्दछ ।

२. नाङलो माथि तितेपाती र दुबोको एउटा कलश, १ कठुवा रक्सी र जाँड, चिण्डोमा चोखो रक्सी लगाई राखिदिनु पर्दछ । यसलाई थान भनिन्छ ।

३. थानको तलतिर कूबीमीको लागि बस्न बाल्याम्खँ राखिदिनु पर्दछ ।

४. थानको दाँयावाँया दुवैतिर एक पल्टमात्र उघाएको र नचलाईकन पकाएको भात दुईवटा केराको पात माथि उल्टो गरि तिन पटक पस्काएर राखिदिनु पर्दछ । भात माथि काँचो छँरिसा पनि लगाउनु पर्दछ ।

५. थानको दाँयातिर दाजुभाईहरुको घरबाट ल्याएको रक्सी र जाँडलाई राख्नु पर्दछ ।

६. थानको वाँयातिर छोरीचेलीहरुको घरबाट ल्याएको रक्सी र जाँड लाई राख्नु पर्दछ ।

७. थानको दुवैतिर राखिएको जाँड, रक्सी र भातलाई केराको पातले छोपी दिनु पर्दछ ।

### साम्खाई राख्ने बारेमा

मौलिक किरात धर्म अनुसार मृतकको पार्थीव शरिरलाई अन्तिम बिदाई गरिसकेपछि सवै दाजुभाई भेला भएर चुलामा मृतकको आत्मालाई बोलाई उस्को ईच्छाहरु कूबीमी मार्फत सोधनी गरिन्छ ।बाटो लगाउने कुबीमीले मृतक कुन ठाँउमा मृत्यु भएको हो त्यहि ठाँउबाट साखेवाहरु पुकार्दै मृतकको आत्मालाई बोलाई उस्को पुरा नभएको ईच्छाहरु, बाँकी रहेको ईच्छाहरु, उ जाने बाटो आदिको बारेमा सोधनी गर्दछ।

सम्पुर्ण कुराहरु सोधी सके पश्चात मृतकको आत्मालाई पुन: साखेवाहरु पुकार्दै फकाई फुलाई बाटो लगाउने कार्य गर्दछ। मृतकको आत्मालाई पारुहँ र सुम्निमा, खचुलुप्पा राछाकुपा समक्ष देखाउदै अगेनामा पितापुर्खाहरुलाई देखाएर उहाँहरुकै साथपास लगाउदछ। यसलाई साम्खाई राख्नु भन्दछ । हरेक भाषिकीहरुले यसलाई छुट्टा छुट्टै नामले पुकार्दछ ।

### मृतको आत्मालाई बोलाउने र बाटो लगाउने मुद्दुम

कूबीमीले गर्नेछ ।

### कूबीमीलाई सोधनी – कार्यक्रम संचालक

साम्खाई राख्ने विधि सकेपछि कूबीमीलाई मृतकको मृत्यु बारे सोधनी गरिन्छ । र कूबीमीले मृतकको पुरा नभएको ईच्छाहरु, बाँकी रहेको ईच्छाहरु, उस्को स्वभाविक मृत्यु भएको वा अस्वभाविक मृत्यु भएको सम्पुर्ण कुराहरु बताउदछ ।

**शिशि सार्नु**
बाटो लगाई सकेपछि त्याहाँ राखीएको सामाग्रीहरु अलि–अलि केराको पातमा राखी दुईवटा चुलालाई, चारवटा पित्रीलाई र एउटा घर बाहीर सारीदिनु पर्दछ । अनि भन्नु पर्दछ । ल है पिता पुर्खा हो । आजदेखी ....... (मृतकको नाम).......लाई तपाँईहरुको साथपास लगाएका छौं । तपाँईहरु संगै राख्नुहोस, तपाँईहरुलेनै हेर्नुस है ।

<u>छैठौ कार्यक्रम :</u>

## मृत्यु शोक फुकाउने

मौलिक किरात धर्म अनुसार मृतकको छोराले आमा बाबुको मृत्यु भएको दिन देखि छाक बारि मृत्यु शोक बस्ने परम्परा छ । मृत्यु शोक पश्चात मृतकको आत्मालाईलाई बाटो लगाई सकेपछि मृत्यु शोक फुकाईन्छ ।

**मृत्यु शोक फुकाउने विधी :**

१. मृत्यु शोक बस्नेले पँधेरोमा गई वा चोखो पानीले हात, मुख, खुट्टा, टाउको धोई सफा हुन लगाउनु पर्दछ ।
२. तत्पश्चात मामा वा ज्वँईचेलाको हातबाट उल्टोबाट कपाल खौरने विधि गर्नु पर्दछ । कपाल खौरँदा दैनिक काम कार्यहरुमा बाधा पुग्ने भए विधिको लागि अलिकति मात्र खौरिँदा हुनेछ ।
३. बिधि सकिएपछि लगाएको लुगा फुकाली नया टोपि र लुगा लगाउनु पर्दछ ।

**आवश्यक सामाग्रिहरु**
१. कपाल खौरने छुरा वा ब्लेड, २. नया टोपि र लुगा

<u>सातौ कार्यक्रम :</u>

## नुनतेल छुने

**नुनतेल छुने बिधि**
मृत्यु शोक फुकाएपछि नुनतेल छुने रिती गर्नुपर्दछ । यसबेला बिवाहित छोरीचेली वा भान्जाभान्जिको हातबाट एउटा दुनामा नुन, तेल र तामाको सिक्का राखी कचौरामा राखेको नुन तेल छोईन्छ । पहिला घरमुली र परिवारका सदस्यहरुले दाँया हातको कान्छी औंलाले तेल र त्यसभित्रको तामाको सिक्का छुँदै तीन पटक खुट्टातिर छर्कन पर्दछ । यति गरिसकेपछि छोरीचेली वा भान्जाभान्जिले दुबो र तितेपाती कलशको पानीले नुन तेल छोएकाहरुलाई तीन पटक छर्कीएर च्योख्याउनु पर्दछ । यसै गरि दाजुभाईहरुलाई पनि नुन तेल छुवाईन्छ ।

**नुनतेल छुन चाहिने सामाग्रीहरु :**
१. एउटा कचौरामा नुन, तेल, २. एउटा तामाको सिक्का, ३. दुबो र तितेपातीको कलश

<u>आठौं कार्यक्रम :</u>

**ढोगभेट फुकाउने बिधि**

नुनतेल फुकाई सकेपछि ढोकभेट फुकाउनु पर्दछ । ढोग भेट फुकाउदा दुईजना कन्या केटिहरुले थालमा अक्षता चामल, कलश दियो बत्ति, दहि चामलको टिका, १ कासे बोटुकोमा रक्सि नाङलोमा बोकेर उभ्नु पर्दछ । यस पछि चेलीले माईतिलाई काँसे बोटुकोमा १ पटक रक्सि खुला खुलाई गर्न पर्दछ र कार्यक्रम सके पश्चात त्यो काँसे बोटुको चेलीलाई दक्षिणाको रुपमा दिनु पर्दछ । त्यो बोटुकोमा फेरी कहिल्यै पनि माईतीलाई खुलाउनु हुदैन । त्यस पछि दहि र चामलको टिका एक पटक मात्र लगा लगि गर्नु पर्दछ र पुछि हाल्नु पर्दछ र ढोग गर्न पर्दछ । चेलीले माईतीलाई यस बखत टोपिदिने तथा माईतीले चेलीलाई मजेत्रो लगायत दक्षिणा दिने चलन छ । अन्य आफन्तजनले पनि माथि भनिएझै टिका लगाउदै पुछ्दै ढोगभेट गर्न पर्दछ ।

**ढोगभेट फुकाउन आवश्यक सामाग्रीहरु :**
१. रक्सि, २. कासे बोटुको, ३. दहि चामलको टिका, ४. दियो बत्ति, ५. नाङलो

<u>नवौं कार्यक्रम :</u>

**कजेरीको शिर उठाउनी :**

अन्यत्यमा नुनीलो तरकारी र जाँडपानी दिई कजेरीको शिर उठाउनी गर्नु पर्दछ । तेस्तै कूबीमीको शिर उठाउदा एउटा कठुवा रक्सि र पैसा राखेर धामीको शिर उठ्याउनी गर्नु पर्दछ ।

(समाप्त)

<u>अनुसुचि १</u>

**उपस्थिति पुस्तिका**

| क्र.सं. | नाम | ठेगाना | फोन | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुचि - २

**मृतकको जिवनी**

नाम : ________________________________________थर :____________

पाछा :______________ ________________सामे :____________________

पुख्यौलि घर :______________________ ____________________________

जन्म स्थान :______________________________ ____________ _______

स्थायि बसोबास :________________________________ _______________

हङकङको ठेगाना :________________________________ _______________

जन्म :_________ __________मृत्यु :______ ___________उमेर :_ _______

पति/पत्नीको नाम :_________ _____________________________________

बिबाह साल:________ _____________हङकङ प्रवेश साल :_ ________________

बाबाको नाम :____________ _____________________________________

आमाको नाम :_________ _________________________________________

दाजु भाईहरु :_________ __________________________________________

दिदि बहिनिहरु :________ _________________________________________

छोरा छोरीहरु :_________ __________________________________________

शिक्षा/स्कुल, कलेजको नाम :___ ______________________________________

काम गरेको बिवरण :______ _______________________________________

अन्य देश भ्रमण :_______ __________________________________________

बिशेष रुचि, सम्मान अवार्ड प्राप्त :__ ___________________________________

संघ संस्थामा काम गरेको भए :____ __________________________________

मृत्युको कारण :____________ _____________________________________

## <u>अनुसुचि - ३</u>
## **धार्मिक बचन**

घाम पनि डुब्ने नै हो । जुन पनि डुब्ने नै हो । तारा पनि डुब्ने नै हो ।
धर्ती पनि नासिने नै हो । आकाश पनि नासिने नै हो ।
सृष्टी पनि मर्ने नै हो । पशुपंछि पनि मर्ने नै हो । मानिसहरु पनि मर्ने नै हो ।
कोहि छिट्टो मर्ने हो । कोहि ढिलो मर्ने हो । एकदिन मर्नैपर्ने हो ।
हे कूबीमीहरु हो । हे पितापुर्खाहरु हो । हे सुम्निमा पारुहाङ ।के कगरै अब । के गरौ तब ।।
मृतकको आत्मालाई शान्ति दिनुहोस । मृतकको परिवारलाई धैर्यधारण गर्ने शक्ति दिनुस है ।

मानिस जन्मे पछि मृत्य अनिवार्य छ । अजम्बरि कोही छैन । यस जगतको हरेक भौतिक वस्तुहरुको एक दिन मृत्यु हुनेछ । धर्ती आकाशको पनि एकदिन अन्त्य हुनेछ । ढुङगा माटोको पनि एकदिन अन्त्य हुनेछ । जुन तारा पनि एकदिन मर्नेछ । राजा रैतीको पनि एक दिन मृत्यु हुनेछ । मृत्यु अवश्य हुनेछ । मानिसको मृत्यु पश्चात भौतिक शरिरलाई धर्तीमा समाहित गरिन्छ । आत्मालाई बाटो लगाईन्छ । यसलाई मृत्यु संस्कार भनिन्छ । मृत्यु संस्कार हरेक धर्म, क्षेत्र, जाती तथा उपजातीको आ - आफ्नै तरिकाका छन । मानिसहरुको संस्कारहरु जन्मदेखी मृत्युपर्यन्त सम्मको विभिन्न प्रकारका छन ।

**किरात राईहरुको गर्भ देखि मृत्यु सम्म ७ संस्कार पर्दछ ।**

१. गर्भ संस्कार
२. जन्म संस्कार
३. नौरान संस्कार
४. भात खुलाई संस्कार
५. छेवर/गुन्युचोलो संस्कार
६. बिवाह संस्कार
७. र मृत्यु संस्कार

**किरात राईहरुको मृत्य संस्कार**

मौलिक किरात धर्म अनुसार किरात राईहरु (महिला/पुरुष) जो भएपनि रोग लागेर, बृद्ध भएर निधन भएमा स्वभाविक मृत्यु मानिन्छ । झैझगडा गरेर, लडेर, आत्महत्या गरेर, दुर्घटनामा परेर मृत्यु भएमा अस्वभाविक मृत्यु मानिन्छ । सुत्केरी ब्यथाले मृत्यु हुने महिला समेतलाई अस्वभाविक मृत्यु मानिन्छ । बालबालीकाको सम्बन्धमा छेवर वा गुन्युचोली नगरि निधन भएमा अस्वभाविक मृत्यु मानिन्छ । तर छेवर वा गुन्युचोली नगरेको भएता पनि भाई वा बहिनि जन्मि सकेको भएमा स्वभाविक मृत्यु मानिन्छ । मृत्यु भईसके पश्चात मृतआत्मालाई बर्षको एकचोटि नया अन्नबाली पाकेको बेला बोलाई खुलाउने चलन छ । स्वभाविक मृत्यु भएका मृतआत्मालाई चुलामा बोलाई खुलाईन्छ । अस्वभाविक मृत्यु भएका मृतआत्मालाई चुला बाहिर बलेसीमा खुलाउने संस्कार छ ।

**मौलिक किरात धर्म**

मौलिक किरात धर्म भनेको परापुर्वकाल देखि किरातीहरुले यस जिवन, जगत र मृत्यु प्रति मानिआएको दर्शन हो । जिवन, जगत र मृत्यु प्रतिको धारणा हो । यो धारणा कुनै एक ब्यक्तिले एकै चोटि नबनाई किरातहरुको पुस्तौ–पुस्ता पुर्खाहरुले संगाल्दै ल्याएको अनुभव हो । यसलाई मुन्धुम भन्दछ । मुन्धुम किराती पुर्खाहरुले मौखिक रुपमा हस्तान्तरण गर्दै ल्याएको किरातहरुको धार्मिक श्रुती हो । मौलिक किरात धर्ममा जगत भन्नाले प्रकृतीलाई बुझाउदछ । जिवन भन्नाले जिवित प्राणिहरुलाई बुझाउदछ । मृत्यु भन्नाले मरिसके पश्चातको अवस्थालाई बुझाउदछ । आत्मालाई बुझाउदछ ।

**मौलिक किरात धर्ममा जगत प्रतिका धारणाहरु**

मौलिक किरात धर्मले जगत प्रति निम्न धारणाहरु राख्दछ ।

**(क) मौलिक किरात धर्म प्रकृती पुजक हुन ।**

१. मनुष्यका सम्पुर्ण आचारण, ईच्छा, कार्य, बिचार, धारणा आदि प्रकृतीबाट नै पैदा भएको र उसको प्रवित्ति, क्रिया, यात्रा, कारण, मनोकामना, आदि पनि प्रकृतीमा नै आश्रित हुन्छन ।

२. जिवन जगतको सृष्टिको कारण कुनै ईश्वरीय शक्तिको सृजना नभएर प्रकृती नै हो र मनुष्यका धर्म, निती पनि ईश्वरीय प्रेरणा नभई प्रकृतीबाट नै प्राप्त भएका हुन्छन ।

३. प्रकृतिकरुपमा संसारमा घटेका दुर्घटना, घटना, प्रकोप, प्रलयहरु र मनुष्यको जन्म, मरण कुनै दैवीक शक्तिको उपज नभई प्रकृतिकै उपज हो ।

**(ख) मौलिक किरात धर्म पित्री पुजक हुन ।**

१. किरात राईहरुले सुम्निमा र पारुहाङलाई यस जगतका प्रथम मानव सृष्टिकर्ता को रुपमा मन्दछन् । किरात राईहरुले सुम्निमा र पारुहङलाई अदिम पुर्खाको रुपमा पुज्दछ ।

२. किरात राईहरुले आफ्नो जन्मलाई पितापुर्खाहरुको मानविय कर्तब्यको उपजको रुपमा मान्दछ । पितापुर्खानै आफ्नो सृष्टिकर्ता हो भनि मान्दछ । पुर्वजन्म र पुर्नजन्ममा विस्वास राख्दैन ।

३. किरात राईहरु जातपातमा बिस्वास गर्दैनन् । सात पाछाका राई बुढापाकाहरु जम्मा भई रातो अचना चिसो छपना गरि, दाल ढिडो चलाएर चुला पाछा दिएपछि जुनसुकै मानिसहरु किरात राई जातीमा प्रवेश गर्न सक्तछन ।

४. किरात राईहरुले नया अन्नबाली पाकेका बेला पिता पुर्खालाई पहिला चढाएर मात्र आफु खान्छन नत्र अन्नबालीको सह नरहने विस्वास गर्दछन ।

५. किरात राईहरुले पुजा गर्दा पहिला पित्रिलाई चढाएर त्यसपछि आफुले मुख जुठ्याएर मात्र पुजा गर्दछन् । मुख नजुठ्याई पुजा गरेमा अशुभ मान्दछन ।

**मौलिक किरात धर्म मा जिवन प्रतिका धारणाहरु**

मौलिक किरात धर्मले जिवन प्रति निम्न धारणाहरु राख्दछ ।

**(क) जिवनमा गर्नुपर्ने सत्कर्महरु**

१. दैनिक बिहान - बेलुका पिता पुर्खालाई सम्झनु पर्दछ ।
२. वयोवृद्धलाई आदर गर्नु पर्दछ, गरिब दु:खिलाई दया गर्नु पर्दछ ।
३. कुनै पनि चिज खान अगावै पिता पुर्खालाई चढाएर खानु पर्दछ ।
४. पवित्र वस्तु, पवित्र स्थल र तिन चुलाको रक्षा गर्नु पर्दछ ।
५. बार्षिक उधौलि उभौलीमा पितृ पूजा गर्नु पर्दछ ।
६. मानव कल्याणकारी कामहरु गर्नु पर्दछ ।
७. मौलिक किरात धर्म - संस्कारको पालना गर्नु पर्दछ ।

**(ख) जिवनमा गर्न नहुने असत्कर्महरु**

१. जिवनमा भिख मागेर खानु हुदैन ।
२. जिवनमा चोरी, ठगी गर्नु हुदैन ।
३. जिवनमा परस्त्री/परपुरुष गमन गर्नु हुदैन ।
४. जिवनमा लोभ गर्नु हुदैन ।
५. जिवनमा डाहा र ईर्ष्या गर्नु हुदैन ।
६. जिवनमा घमण्ड गर्नु हुदैन ।
७. जिवनमा मानव हत्या गर्नु हुदैन ।

**मौलिक किरात धर्ममा मृत्यु प्रतिका धारणाहरु**

मौलिक किरात धर्मले मृत्यु प्रति निम्न धारणाहरु राख्दछ ।

**(क) मृत्यु प्रतिको धारणा**

१. मानिस मरेर गएपछि मनिसको भौतिक शरिर माटोमा मिल्दछ ।
२. आत्मा पृथ्वीकै पबित्र स्थल, उच्च स्थान, भीरमा, पाखामा, पखेरामा, ढुङगामा, चट्टानमा, रुखबिरुवामा, बादलमा, बादलको गर्जन ईत्यादिमा बस्तछ ।
३. मौलिक किरात धर्ममा आत्मा स्वर्ग जाने र नर्क जानेमा बिस्वास गरिन्दैन ।
४. किरात, जस्ले जिवनभर सत्कर्म गर्दछ, उस्को स्वभाविक मृत्यु हुनेछ र चुलामा आउदछ ।
५. किरात, जो जिवनमा असत्कर्म गर्दछ, उस्को अस्वभाविक मृत्यु हुन्छ र चुलामा चुलामा आउन सक्तैन ।

**(ख) मृत्यु शोक धारणा**

किरात राईहरुको आमा बाबुको मृत्यु भएमा छोराहरुले मृत्यु भएकै दिन देखि नुनतेल छाडी मृत्यु शोक बस्न पर्दछ । मृत्यु शोक बस्दा मामा वा जुवाँईचेलाको हातबाट कपाल काटी सेतो लुगा लगाउनु पर्दछ । बाबुको मृत्यु भएमा कपाल, दाह्रि, जुङगा काट्न पर्दछ । आमाको मृत्यु भएमा आँखिभौ समते काट्नु पर्नेछ । मृत्यु शोक बस्दा निम्न कुराहरु गर्न हुदैन ।

१. ढोगभेट गर्न, हुदैन ।
२. चौतारामा बस्न हुदैन ।
३. गुन्द्रीमा बस्न हुदैन ।
४. दोहोरो बोल्न हुदैन ।
५. गीत गाउन हुदैन ।
६. नाच्न हुदैन ।
७. टिका लाउन हुदैन ।
८. कसैको जुठो खानु हुदैन ।
९. नुनतेल, मासु मंस खान हुदैन ।
१०. काँसे डबका र थालमा खान हुदैन ।
११. बाबुको मृत्युभएमा रक्सी खान हुदैन
१२. आमाको मृत्युभएमा दुध खान हुदैन ।

**मुद्दुमले भन्दछ – प्रकृतिकरुपमा संसारमा सिर्जिएका तथा घटेका घटना, दुर्घटना, प्रकोपहरु र मनुष्यको जन्म, मरण कुनै दैवीशक्तिको उपज नभई प्रकृतिकै उपज हो ।**

अर्थात, प्रकृतीकै कारणले गर्दा, मानिसले कथंकदाचित अज्ञानतावस जिवनमा असत्कर्म गरेको रहेछ भनेपनि चोखोनितो भई चुलामा बसी सुम्निमा पारुहाङ र पितापुर्खाहरुसंग क्षमा मागे क्षमा प्राप्त गर्नेछन । अस्वभिकरुपमा मृत्युहुन पुगेकाहरुलाई पनि बुढापाका, पित्रहरुले क्षमागरे मृतआत्मा क्षमा प्रार्थी हुनेछ ।

हे चुलापुज्ने पिताहरु हो । हे सिमेभुमेपुज्ने पुर्खाहरु हो । हे सुम्निमा । हे पारुहाङ । मृतक ............ ...(नाम भन्ने)........ले जिवनमा कथंकदाचित अज्ञानतावस भुल गरेको भएपनि छमा दयागरि तपाईहरुकै साथपासमा लिनुहोस है । तपाँईहरु संगै राख्नुहोस है। ...(मृतकको नाम भन्ने)... अब जानुस है ।

<u>अनुसुचि - ४</u>

## शिर उठाउने तथा आत्मा जगाउने मुद्दुम

हँ... ऊदूहँ पारुहँवा, सुम्नीमा नयूमावा, राक्षाकूपा खचूलूप्वा, वाईलूङ्मे वातूङ्मेवा, अथेपा हँछाराम्पी, यँलीसेलो, मरीमुन्मा मूनेचीलो, पापारबी रबीबूङ्मी, मा:माचून् चूनूबूङ्मी, सागूवापी, मरीमून्मा यँ मूनेचिलो, ए छाब्काबी छाब्कूरीवा, यँ छाब्मा छावेलो, काए हँछा, यँ हूल्मा, हूलेकँङा, यँ धामा यँधेकङा, अथेपा लूङ्छीरीमा, कँचूली, दूङ्गुर्सावा सीमानाम्री, यँबूसूलो, काएहँछा, यँ धेकङा । आना ङायुमीनाङा, सीखीमीनाङा, ताङखीमीनाङा, बूलूमीनाङा, चासूमीनाङा, आम साम धूङलो, सारी धूङलो खामवा, खाप्चीवासँ धाईमूमा म्याङाना, खामवारीकू खाप्चीरीकू लोन, कूबीवासँ धाईमूमा म्याङाना कूबीरीकू लोन, तायावासँ धाईमूमा म्याङाना तायारीकू लोन, चासूमवासँ धाईमूमा म्याङाना चासूमरीकू लोन, बूलूवासँ धाईमूमा म्याङाना, बूलूरीकू लोन, रुमीयँ पमीयँवासँ धाईमूमा म्याङाना रुमीरीकू पमीरीकू लोन, सागुवाछासँ धाईमूमा म्याङाना सागुरिकू लोन, आम्सामङा धुङलो, सारीङ धुङलो, कँचीली दखब्सूङ्ङा धुङलो, नूछीरी लूदूरमावा ञ्याप्मालूङ, घ्याप्मालूङ्ङा धूङलो, रीसीम्ला वायाला धूङलो, बूक्छामीना/बूङछामान (सामे) छाप्कूरीया यँ छाब्मा छावानालो, बप्कूरी यँ बप्मा बबानायी खकसानू यँ बूदूम्सूम्ने । ङायुमीङो, ताङखीङो कङा मात्ताई यँ गून खकसानू सानू लोन, साम धुङलो, सारी धुङलो, कँचीली दखब्सूङ्ङा धूङलो, नूछीरी लूदूरमाङा धूङलो, सीरीम्ला बायालाङा धुङलो, राजादूङसँ याधीङा, तायामीसँ याधीङा, कूबीमीसँ याधीङा, सीबीछा भ्याम्माछासँ याधीङा, तायामी ताङखीसँ याधीङा, चाप्चा यँसँ याधीङा, ब्यार्पा यँसँ याधीङा, तूप्सूङ यँसँ याधीङा, धिलूङ यँसँ याधीङा, हादीयँ चापी यँसँ याधीङा । खकसानू लायेसेनेमा न कङा मात्ताई यँ गूँन, खीसूङला रहलापी आम्लावूङ्वा, यँ खबीनाले सीरीम्ला वायालापी सीबीर्माबूङवा, खबीनाले खकसानू यँ बूदू खाङ्म्सूम्नेवो ।

राजादूङसँ याधीनक, तायामीसँ याधीनक, कूबीमीसँ याधीनक, सीबीछा भ्याम्माछासँ याधीनक, तायामी ताङखीसँ याधीनक, चाप्चा यँसँ याधीनक, ब्यार्पा यँसँ याधीनक, तूप्सूङ यँसँ याधीनक, धिलूङ यँसँ याधीनक, हादीयँ चापी यँसँ याधीनक कँङा ईत्ता मूरुलीसूङ अँ रुमीपमी सेले यँसँ मान्दूङ्क, अँ सागुवाछा, तायामी, तूम्साबूसँ मान्दूङ्क, कँङा ईत्ता खाबाराचा पयवाचा मूरुलीसूङ पँमान्छेमा सीरीम्ला वालापी खकसानू लायासामा सीखीम्री यँ बूदूम्सूम्ने खाङुम्नेवो ..... ।

<u>अनुसुची - ५</u>

## मृतकको आत्मा छुट्याउने मुद्दुम

हँ............. न आम्सूलूम् मूकाबी, आम्खब्मालूङ् ताईकाबी, तायामी तूम्साबू, खरुमीची झारावा आम्खारुवा म्यानाकपी ददावदा लावा धातसीना, खकसानू लायीनाधँ सेलेखीयोपी तायामाहपावा पारु त:तलो ङ्यातीनाधँ आम्नूङ्ला स:सी, सेलेमी मूक्तीमीवा यासासँ खासासँ चीचीङख मूक्तिखवा बल्याम्खँपी व च्यावीनाके ङायूमीङो, ताम्खीमीङो खकसानू लेनके । रुमीलावा, पमीलावा, वतुप्लावा वरीलावा, सीवीलावा, मदीलावा, कूबीलावा, तायालावा लावापोतो पोकूम्नवो ...(मृतको नाम)... ।